

# अब्राहम






उत्पत्ति १०:२५ ; ११:१०




उत्पत्ति ११:२६ -३२


आफ्नो पिता हारानमा मरेपछि, परमेश्वर अब्रामसित बोल्नुभयो र उनीसित करार बाँध्नुभयो ।
आफ्नो देश, आफ्नो कुटुम्ब र आफ्ना बाबुको घरबाट निस्केर त्यस देशमा जाऊ, जो म तिमीलाई देखाउनेछु ।
त्यहाँ म तिमीलाई एउटा ठूलो जाति बनाउनेछु र तिमीलाई आशिष दिनेछु ।
म तिम्रो नाम महान् तुल्याउनेछु, अनि तिमी एउटा आशिष बन्नेछौ ।
परमेश्वरले अब्राम र उनका सन्तानहरू सित अद्भुत प्रतिज्ञा गर्नुहुन्छ ......
जसले तिमीलाई आशीर्वाद दिनेछन्, तिनीहरूलाई म आशिष दिनेछु, अनि जसले तिमीलाई श्राप दिनेछ, त्यसलाई म श्राप दिनेछु ....
..... तिमीमा पृथ्वीमा सबै कुलहरू आशिषित हुनेछन् ।
हामीले हाम्रो पाल पर नयाँ ठाउँमा सार्नुपर्छ ।
तर काका, हामीसित तिनीहरूसँग भएका बथानहरूभन्दा धेरै छन् र अझै बढिरहेका छन् !
त्यो म जान्दछु, हाम्रो सर्वोच्च परमेश्वरले हामीलाई आशिष दिनुभएको छ ।
तर हामी सर्नुपर्छ भनेर परमेश्वरले मसित प्रष्ट बोल्नुभएको छ ।
सर्वोच्च परमेश्वरले मसित बोल्नुभएको छ कि पृथ्वीका सबै कुलहरू ममा आशिषित हुनेछन् ।
परमेश्वरले बोल्नुभएको छ - उहाँले निश्चय नै हामीलाई बाटो देखाउनुहुनेछ ।


यसरी परमेश्वरले उनलाई भन्नुभएझैँ अब्रामले हारान छोडे ।


तिनीहरूले कनान देशतर्फ यात्रा सुरु गरे ।


मोरेका फलाँटको रुखनेर अब्राहाम पाल टाँगेर बसेको बेला परमप्रभु उनीसँग बोल्नुभयो......
म तेरा सन्तानलाई यो देश दिनेछु
मेरा सन्तान ?
यहीँ मैले तपाईँको आवाज सुनेको थिएँ र अब यहीँ म तपाईंको लागि एउटा वेदी बनाउनेछु ।




उत्पत्ति १२:४-९



काका--यस ठाउँमा हामीलाई पुग्ने भोजन छैन- यहाँ हामीले गुजारा चलाउन सकौंला जस्तो त मलाई लाग्दैन ।
परमेश्वरले मलाई यो देश प्रतिज्ञा गर्नुभएको हो, त्यसैले हामीले हाम्रो गाईवस्तु र परिवारको लागि भोजनको प्रबन्ध गर्नैपर्छ ।
अनिकाल नसकेसम्म हामी मिश्रमा बसोबास गर्नेछौँ र त्यसपछि हामी नेगेव फर्कनेछौं ।
मैले सुनेको छु कि यी मानिसहरू मूर्तिपूजकहरू हुन्- तिनीहरूले साँचो परमेश्वरलाई आराधना गर्दैनन् । तिनीहरूले आफ्नो नदीका ईश्वरहरूलाई पूजा गर्छन् ।
के भन्नुभएको हजूरले ?
हो, तिनीहरूले त्यसै गर्छन् - तर मलाई त यहाँ मेरो ज्यानको चिन्ता छ ।
जब मिश्रीहरूले तिमी कति सुन्दर छौ भनी देख्नेछन्, तब तिनीहरूले मलाई बाँकी राख्नेछैनन् । तिनीहरूले तिमी मेरी पत्नी हौ भनी जान्नेछन् र तिमीलाई पाउन मलाई मार्नेछन् ।
यसो गरौँ......मेरो ज्यानको खातिर तिमीले आफूलाई मेरी बहिनी हो भनी तिनीहरूलाई भन ।
तिनीहरूसित धेरै सम्पत्ति छ ।
अँ, र साथै सुन्दरी पनि......
यात्रुदलहरूसँग आएकी यी स्त्री साह्रै सुन्दरी थिइन् ।
हो, निलका सबै स्त्रीहरूमध्ये सबैभन्दा सुन्दरी ।
तिमीले भनेजस्तै यदि उनी साँच्चिकै सुन्दरी छन् भने मलाई यसको जानकारी गराएकोमा तिमीले इनाम पाउनेछौ- र म उनलाई मेरो स्त्रीगृहमा राख्नेछु ।







उत्पत्ति १२: १६ -१७


तिमीले हामीलाई यो के गरेको ? किन तिमीले उनी मेरी बहिनी हुन् भनी हामीलाई ढाँट्यौ ? उनी तिम्री पत्नी नै हुन् भन्ने कुरा हामीलाई प्रकट भएको छ ।
यो मान्छे र उनकी पत्नीलाई मेरो आँखाबाट टाढा लैजाऊ ताकि मेरा सबै घराना फेरि स्वस्थ हुन सकून् ।
तिनीहरू र तिनीहरूले कमाएका सबै कुराहरू तिनीहरूसितै जानेछन् ।
काका, हामी अब कहाँ जाने हो ?
हामी नेगेवतिर फर्कने हो, त्यसपछि बेथेल
यतिका धेरै गाइवस्तु र बथानसहित ? के त्यस देशमा सबैको भरण पोषण होला ?
यी सबै सर्वोच्च परमेश्वरका आशिष हुन् । हामीसित भएका सबै उहाँबाट आएका हुन् । उहाँले प्रतिज्ञा गर्नुभएको यो देशमा भलाइ नै हुनेछ भनी उहाँले मलाई आश्वस्त गराउनुभएको छ । म यही देशमा नै फर्कनुपर्छ ।
हे, परमेश्वर, तपाईंले मलाई यो देशमा फर्काएर ल्याउनुभएको छ । यहीँ नै म तपाईंलाई आराधना गर्नेछु र तपाईंको नाउँलाई प्रसिद्ध तुल्याउन मेरा मानिसहरूलाई यहीँ बसोबास गराउनेछु ।


तिमीहरूको बगाललाई पछि हटाऊ । हाम्रो बगालले पानी पिएर खर्कतिर हिँडे पछि मात्रै तिमीहरूको पालो आउनेछ ।
अनि तिमीहरूको बगालचाहिँ के, हाम्रो भन्दा राम्रो ? लूतका बगालले पनि चाहे जति पानी पिउन पाउनुपर्छ ।
हाम्रो मालिक अब्राम सबैका स्वामी हुन् र उनी अझ महान् हुन् । त्यसैले उनका बगाल सधैं अगाडि जान पाउनुपर्छ ।
काका, हाम्रा गोठालाहरू एक आपसमा झगडा गर्दै छन्– तपाईंका बगाल पनि धेरै भइसके र मेरा पनि निकै बढिसके । त्यसैले यो ठाउँ अब हामी दुवैको भरण पोषण गर्न पर्याप्त छैन -- म त यहाँबाट सर्नैपर्छ ।
हामीबीच झगडा भएको म चाहान्न -- हामी आफन्त हौं । र, हाम्रा गोठालाहरूबीच पनि कुनै झगडा भएको म देख्न चाहान्न..... मसित आऊ ।
हामी छुट्टिनेछौं तर पूरा देश तिम्रो अगाडि छ ।
तिमीलाई पहिले छान्ने म मौका दिन्छु । यदि तिमी दाहिने लाग्छौ भने म देब्रे लाग्नेछु । तिमी देब्रे लाग्छौ भने म दाहिने ।
उ त्यहाँ....। म दुवैतिर यर्दन नदी भएको त्यो पानीले भिजेको ठाउँ रोज्छु । म त्यहाँ गएर बसोबास गर्नेछु, सदोम र गमोरा नजिकैको त्यो ठाउँमा ।
भतिज, म तिम्रो निर्णयलाई आदर गर्छु । म चाहिँ मेरो पाललाई त्यहाँबाट टाढा सार्छु, मम्रेको फलाँटका रूखहरू नजिकै ।
हाम्रो दुई झुण्डहरूबीच शान्ति चाहिँ कायम राख्नुपर्छ ।



उत्पत्ति १३: ५ -१८


मध्यपूर्वतिर बस्ने विभिन्न झुण्डहरूबीच बारम्बार लडाइँ हुन्थ्यो र त्यस राज्यहरूका हरेक राजा शक्ति तथा सम्पत्तिको लागि निकै तिकडम गर्थे ।
एउटा लडाईंमा सदोम र गमोरा र त्यहाँ बसोबास गर्दै आएका लूत र उनका परिवार लगायत सबैले ठूलो विनाश भोग्नुपर्‍यो ।
हेर्नोस् त, मालिक । लूतका गोठालाहरूमध्येका एक हामीतिरै आउँदैछन् ।
केही खाँचो परेर हो कि ? मेरा भतिज सञ्चै त छ के ।
मालिक, ठूलो लडाइँ मच्यो । पाँच राजाहरूका विरूद्धमा चार राजाहरू । धेरै जना सिद्दिमको बेंसीमा रहेका अलकत्रको खाल्डाहरूमा खसे । लूत र उहाँसित भएका सबैजना अहिले बन्दी छन् ।
उसलाई केही पिउन देऊ । ऊ तरोताजा होस् अनि उसले हामीलाई बाटो देखाउनेछ ।
हाम्रा सबै लडाकूहरूलाई भेला गराऊ, जम्मा ३१८ छन् कि छैनन्, राम्ररी गन । मम्रेका एमोरी, एश्कोल अनि आनेरहरूले मसित बाचा बाँधेका छन् । तिनीहरूलाई पनि बोलाएर ल्याऊ, तिनीहरू पनि हामीसित सामेल होऊन् ।
लौ, अब हामी हाम्रो भतिज र उनको परिवारलाई उद्धार गर्न अघि बढौँ ।
हुन्छ, मालिक । तपाईंले भनेअनुसार नै होस् ।






उत्पत्ति १४:१५-१७


मेरो पछाडि, मेरा मानिसहरूले तपाईंको लागि रोटी र दाखमद्य ल्याएका छन् : तपाईंको महान् विजयपछि तपाईंलाई स्पूर्ति दिलाउन ।
तर मसित यो भन्दा ज्यादा छ....सर्वोच्च परमेश्वरबाट आशिष ।
स्वर्ग र पृथ्वीका मालिक सर्वोच्च परमेश्वरको तर्फबाट अब्राम धन्यका होऊन् अनि सर्वोच्च परमेश्वर अब्राम धन्यका होऊन् जसले तपाईंका शत्रुहरूलाई तपाईंको हातमा सुम्पिदिनुभयो ।
हे सर्वोच्च परमेश्वरका पूजाहारी मल्किसेदेक, हजूरलाई म यहाँ भएको सबै थोकको दशांश दिनेछु । मलाई यो महान् विजय दिनुभएको निम्ति म सर्वोच्च परमेश्वरलाई आदर गर्दछु ।
अब्राम, मलाई मानिसहरू दिनुहोस् तर यी सबै थोकहरू हजूरले प्राप्त गर्नुभएको विजयको सम्मानको निम्ति हजूरसितै राख्नुहोस् ।
म त्यसो गर्नेछैन, मैले सर्वोच्च परमेश्वरको नाउँमा शपथ खाएको छु ।
म एउटा धागोदेखि लिएर जुत्ताको एउटा फितासम्म पनि तपाईंबाट लिनेछैनँ, नत्र तपाईंले 'मैले नै अब्रामलाई धनी बनाएको हुँ' भनी भन्नुहुनेछ ।
मसित गएका गएका मानिसहरू आनेर, एश्कोल र मम्रेले चाहिँ आफ्नो भागहरू लिऊन् ।
तर म चाहिँ तपाईंको हातबाट केही लिनेछैनँ ।


हे अब्राम, नडराऊ, तिम्रो ढाल र अत्यन्तै महान् इनाम म नै हुँ ।
प्रभु यहोवा, तपाईंले मलाई के दिनुहुन्छ ? किनभने म ता निसन्तान छु ।
तपाईंले मलाई कुनै सन्तान दिनुभएन, त्यसैले मेरो घर मा जन्मेको दास नै मेरो हकवाला हुनेछ ।
त्यो तिम्रो हकवाला हुनेछैन । तर जो तिम्रो शरीरबाट निस्केर आउनेछ, त्यही नै तिम्रो हकवाला हुनेछ ।
बाहिर आऊ त.....
आकाशतिर हेर र तिमीले ताराहरू गन्नसक्छौ भने तिनलाई गन ।
तिम्रो वंश त्यस्तै हुनेछ ।
अब्रामले परमेश्वरको वचनलाई विश्वास गरे र यो उनको निम्ति धार्मिकता गनियो ।
प्रभु, यहोवा मैले यसको अधिकार गर्न पाउँछु भनेर म कसरी थाहा पाऊँ ?
मेरा निम्ति तीन वर्षको एउटा कोरली, तीन वर्षको एउटा बाख्रा, तीन वर्षको एउटा भेडा र साथमा एउटा ढुकुर र एउटा परेवाको बच्चा पनि ल्याऊ ।



मैले छानेको जनावरहरू यहाँ मकहाँ ल्याऊ । परमेश्वरलाई बलिदान दिन मलाई तिनीहरूको खाँचो परेको छ ।
भाग् !
यो निश्चय जानिराख कि तिम्रा सन्तान एउटा पराई देशमा परदेशी भएर रहनेछन्, जो उनीहरूको होइन, र त्यस देशका मानिसहरूका कमारा कमारी हुनेछन्, र ४०० वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन् ।








उत्पत्ति १५: १४-२१


मलाई सन्तान चाहिएको छ ।
के म परमेश्वर हुँ र, सन्तान दिनसक्ने ? तिमीले मागेको कुरा परमेश्वरमा मात्रै सम्भव छ, मानिसमा होइन ।
मलाई सन्तान चाहियो, मेरी कमारी हागारद्वारा भएपनि । परमेश्वरले मेरो कोख बन्द गर्नुभएको छ तर यदि तपाईं मेरी कमारीसित जानुभयो भने ऊबाटै म परिवार बनाउन सक्नेछु ।
के यो तिमीले साँच्चिकै भनेकी हौ ?
हजूर

उत्पत्ति १६ : १-४



रोटी बनाउन त्यो पीठो यहाँ ल्याऊ त ।
म त सक्तिनँ, तपाईंको श्रीमान्‌को निम्ति बलियो बच्चा जन्माउन मैले आराम गर्नैपर्‍यो नि ।
बच्चा त मेरो निम्ति हो, मैले उसलाई हुर्काउने हो ।
खै, तपाईंले दिन सक्नुभएन त । हाम्रो मालिकलाई उहाँले इच्छा गर्नुभएअनुसार म सन्तान दिनसक्छु ।
मैले दुःख भोगिरहेको तपाईंकै गल्तीको कारणले हो । तपाईं ऊसँग सुत्नुभयो, अहिले गर्भवती भएपछि उसले मलाई तुच्छ ठान्न लागेकी छ ।
परमप्रभुले नै हाम्रो न्याय गरिदिनुभएको होस्‌ ।
मैले त, तिमीले भने अनुसार गरेको मात्रै हुँ ।
ऊ तिम्रै हातमा छ, तिमीलाई जे ठीक लाग्छ, त्यही गर ।
अल्छी दासी, मैले बिहान भने अनुसार खाना तयार गर्नू, नत्र तेरो मालिक्नी हुँ भनेर सम्झाउन मैले कोर्रा निकाल्नुपर्ला ।
तेरो गर्भमा बच्चा नहुँदो हो त मेरो अगाडि तेरो केही मोल हुनेथिएन । तर चाँडै त्यो पनि म तँबाट लिनेछु र तैंले कहिल्यै बच्चा समात्न पाउनेछैनस्‌ ।




उत्पत्ति १६:४-६


ए साराईकी दासी हागार, तिमी कहाँबाट आएकी अनि कता जान लागेकी ?
म मेरी मालिक्नीको कठोर व्यवहारबाट पीडित भएर भागेकी हुँ ।
तेरी मालिक्नीकहाँ फर्केर जा, र तिनके अधीनमा बस् ।
म तेरो वंशलाई यति औधी बढाउनेछु कि त्यो धेरै भएकोले गन्न सकिनेछैन ।
तेरो गर्भमा भएको बच्चा इस्माएल कहलाइनेछ किनकि परमप्रभुले तेरो कष्ट देख्नुभएको छ ।
मानिसहरूमा त्यो जङ्गली गधाजस्तै हुनेछ, हरेक मानिसको विरुद्धमा त्यसको हात उठ्नेछ र त्यसको विरुद्धमा हरेकको हात उठ्नेछ, अनि त्यो आफ्ना सबै भाइहरूको सामु वास गर्नेछ ।
मलाई देख्नुहुने परमेश्वर तपाईं हुनुहुन्छ ।
मलाई देख्नुहुने परमेश्वरलाई मैले अहिले देखेको छु ।
बधाई छ, मालिक । हजूरले छोरो पाउनुभएको छ ।
उसको नाम इस्माएल हुनेछ ।

उत्पत्ति १६:७-१६


म सर्वशक्तिमान परमेश्वर हुँ । मेरो सामु हिँड र निर्दोष भएर बस् ।
मेरो र तेरो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र तेरो अत्यन्तै वृद्धि गराउनेछु ।
अब उप्रान्त तेरो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम हुनेछ किनकि मैले तँलाई धेरै जातिहरूको पिता तुल्याएको छु ।
म तँलाई अत्यन्तै फल्दोफुल्दो बनाउनेछु, र तँबाट धेरै जातिहरू बनाउनेछु र तँबाटै राजाहरू उत्पन्न हुनेछन् ।
तँ र तँपछिका सन्तानहरूसित म मेरो अनन्त करार स्थापित गर्नेछु ।
तैँले प्रवास गरेको यो देश, अर्थात् सारा कनान देश तँ र तेरा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूको परमेश्वर हुनेछु ।
तँ र तँ पछिका सन्तानहरूसित मेरो करार यो हो......तिमीहरूमध्येको हरेक पुरुषको खतना हुनपर्छ......चाहे घरमा जन्मेको होस् वा  दाम हालेर किनेको होस् ।




उत्पत्ति १७:१५-२७


हे मेरा प्रभु, ममाथि तपाईंको निगाह हुन्छ भने कृपा गरी एकछिन बस्नुहोस्, आराम गर्नुहोस् र मलाई हजूरको पाउ धुन दिन दिनुहोस् ।
म गएर केही रोटी ल्याउनेछु, र खाएर तपाईंहरू थकाइ मार्नुहोस्, र त्यसपछि मात्र जानुहोस् ।
ठीकै छ, तिमीले भनेअनुसार गर ।
झट्टै केही मसिनो पीठो तयार पारेर मुछेर रोटी बनाऊ ।
यो असल बाछो लेऊ र तुरुन्तै यसको मासु पकाऊ ।


तिम्री पत्नी सारा कहाँ छिन् ?
त्यहाँ, पालमा छिन् ।
आउँदो साल यही समयमा म निश्चय नै तेरोमा फर्किआउनेछु, र साराको एउटा छोरा हुनेछ ।
म बूढी भइसकेकी छु, र मेरा पति पनि वृद्ध भइसक्नुभएको छ, त के म यो सुख पाउँला र ?
बूढी भएर पनि मैले छोराछोरी पाउन सकूँली र, भन्दै तिम्री पत्नी किन हाँसेकी ?
परमप्रभुको निम्ति पनि कुनै कुरो कठिन छ र ?
आउँदो साल तोकिएकै समयमा म तेरोमा फर्किआउनेछु र साराको एक जना छोरा हुनेछ ।
म हाँसिन ।
तँ हाँसेकै थिइस् ।
अब हामी जानुपर्छ ।
तपाईंले सदोमतिर हेर्दै गर्नुभएको मैले देखेको छु । मलाई पनि तपाईंसित दोबाटोसम्म जान दिनुहोस् ।

उत्पति १८:८-१५


मैले गर्न लागेको काम के अब्राहामबाट लुकाएर राखूँ ?
अब्राहाम निश्चय एउटा महान् र शक्तिशाली जाति बन्नेछन्, अनि उनीद्वारा पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन् ।
उनले आफ्ना छोराछोरीहरू र घरानालाई धार्मिकता र न्यायको काम गर्दै परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दियोस् भनेर मैले त्यसलाई छानेको छु, ताकि परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा उनको जीवनमा पूरा गर्न सकून् ।
सदोम र गमोराको विरुद्धमा ठूलो आवाज उठेको छ र तिनीहरूका पाप ज्यादै भारी भएकाले त्यहीँ आवाजअनुसार तिनीहरूबाट यो काम हो कि होइन भनी हेर्नलाई म तल ओर्लेर जानेछु ।
तर प्रभु, के तपाईंले दुष्टहरूसँग धर्मीहरूलाई पनि नाश गर्नुहुन्छ र ?
त्यस सहरभित्र पचास धर्मीजन भए पनि त्यसलाई नाश गर्नुहुन्छ र ?
सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र ?
यदि मैले पचास धर्मीजन मात्रै पाएँ भने तिनीहरूका खातिर जम्मैलाई छोडिदिनेछु ।




उत्पत्ति १८:२७-३३


हे, मेरा प्रभुहरू हो, कृपा गरी आफ्नो दासको घरमा पाल्नुहोस् र मलाई आफ्नो पाउहरू धुन दिनुहोस् । हजूरहरू रातभर रहनुहोस् र बिहान सबेरै उठेर आफ्नो बाटोमा लाग्नुहोस् ।
अहँ, हामी बाहिर चोकमा नै सुत्नेछौं ।
अहँ, म बिन्ती गर्दछु, हजुरहरू मकहाँ पाहुना बस्नुहोस् ।
इल्डिथ, हामीकहाँ धेरै टाढाबाट आउनुभएका पाहुनाहरू छन् । उहाँहरूको लागि तुरुन्तै खाना तयार गर त ।
KNOCK KNOCK
बेलुकी तिमीकहाँ मानिसहरू आएका हामीले देखेका छौं, तिनीहरू कहाँ छन् ?
उनीहरूलाई यहाँ बाहिर हामीकहाँ ल्याऊ र हामी उनीहरूसँग भोग गरौं ।
हो....हो.....हो..... हामी तयार छौं !



उत्पत्ति १९:१-५


होइन साथीहरू, यस्तो दुष्ट काम तपाईंहरूबाट नहोस् ।
सुन्नोस्, कुनै मानिससित सहवास नभएका मेरा दुई छोरीहरू छन् ।
तिनीहरूलाई म बाहिर तपाईंहरूकहाँ ल्याइदिनेछु र तपाईंहरूको इच्छाअनुसार तिनीहरूसित व्यवहार गर्नुहोस् ।
यी मानिसहरूलाई छो डिदिनुहोस्, उनीहरू मेरो छानामुनि आएका मेरा पाहुना हुन् ।
यो मानिस परदेशी भई हामीकहाँ रहनलाई आयो र अब हाम्रो न्यायकर्ता हुन खोज्दोरहेछ !
अब उनीहरूलाई भन्दा तँलाई हामी नराम्रो व्यवहार गर्नेछौं ।
हामीलाई अहिल्यै जान देऊ ।
म केही देख्न सक्तिन.... तापनि, यी नयाँ मानिसहरूलाई म भेट्टाउँछु ।
कसैले मलाई ढोका भेट्टाउन सहायता गर ।
मलाई मतलब छैन.... यी मानिसहरूलाई भोग गर्ने म नै पहिलो हुनेछु ।

उत्पत्ति १९:६-११


तिमीसँग यहाँ अरू कोही छन् ? जुवाइँ कि छोराछोरीहरू, अथवा अरू कोही जो तिम्रा नातेदारहरू हुन् ?
ती सबैलाई यहाँबाट बाहिर निकाल्नुपर्छ किनकि हामी यस ठाउँलाई नष्ट पार्न लागे का छौं ।
यहाँका मानिसहरूको विरुद्धमा उठेको आवाज परम्प्रभुको अघि यति ठूलो छ कि यसलाई नष्ट गर्न उहाँले हामीलाई पठाउनुभएको छ ।
दुई जना मानिसहरूले मेरी छोरीलाई विवाह गर्न मागेका थिए, म तिनीहरूलाई पनि बोलाउँछु ।
होइन, के ठट्टा गर्नुभएको ? तपाईंले पक्कै अलि बढी पिउनुभाको जस्तो छ ।
तपाईंले पक्कै ठट्टा गरिर हनुभएको छ, सदोम त बस्नका लागि सबैभन्दा सुरक्षित र समृद्ध ठाउँ हो ।
परमेश्वरको न्याय रे....हुँ, मैले त यसको बारेमा पहिले कहिल्यै सुनेको छैनँ ।
न्याय गर्ने बौलाहा !
परमेश्वरको न्याय रे....हुँ, मैले त यसको बारेमा पहिले कहिल्यै सुनेको छैनँ ।


हामीले अब धेरै समय खेर फाल्नुहुँदैन । झिसमिसे हुँदैछ ।
छिटो !
आफ्नो ज्यान जोगाउनलाई भाग र फर्केर पछाडि नहेर । बेंसीमा कतै पनि नअडिनू, तर पहाडतिर भाग, नत्रत तिमीहरू भस्म हुनेछौ ।
मेरो प्राण बचाएर तपाईंहरूले मलाई ठूलो करुणा देखाउनुभएको छ तर म पहाडतिर भाग्न सक्तिन, नत्रत यस विपत्तिमा परेर म मर्नेछु ।
ऊ त्यो सहर भाग्नलाई नजिकै छ, र त्यो सानो पनि छ । मलाई त्यहीं नै भाग्न दिनुहोस् र मेरो प्राण बाँच्नेछ ।
ठीकै छ, हामी तेरो यो अनुरोध पनि ग्रहण गर्नेछौं, तर चाँडो गरेर त्यहीँ नै भागेर जा, किनकि तँ त्यहाँ नपुगुन्जेल म केही गर्न सक्तिनँ ।
इल्डिथ, छोरीहरू भन्दा छिटो गर । हामी त्यहाँ छिट्टै पुग्नेछौं । स्वर्गदूतहरूले भने झैं हामी परमेश्वरको न्यायबाट उम्किनसक्नेछौं ।


दशजना धर्मीजनहरू पनि नपाइएकाले परमप्रभुले सदोम र गमोरामाथि आगो र गन्धक बर्षाउनुभएर नष्ट गर्नुभयो ।


परमेश्वरले ती सहरहरू र जम्मै बँसी र सहरहरूका सबै बासिन्दाहरू र जमिनमा उम्रेका सबै थोक नष्ट गरिदिनुभयो ।
उत्पत्ति १९:२४-२५






उत्पत्ति १९:२६-२९




उत्पत्ति १९:३०-३८


त्यसै समयमा, अब्राहाम अर्को ठाउँमा सरे...
यी स्त्री साह्रै सुन्दर छिन् ।
उनी मेरी बहिनी हुन् ।
जसै पलिश्तीहरूको देश (जहाँ अबीमेलेक राजा थिए) भएर अब्राहाम जाँदै थिए, परमेश्वरलाई भरोसा गर्नुको सट्टा उनले एकपल्ट फेरि छलको सहारा लिए ।
त्यस स्त्रीको कारणले, जसलाई तैँले ल्याएको छस्, तँ मर्ने भइस् किनकि त्यो अर्काकी पत्नी हो ।
तैँले यो काम शुद्ध विवेकले गरेको छस् तर त्यसलाई फर्काइदे, ऊ एउटा अगमवक्ताकी पत्नी हो ।
यदि यसो गरिनस् भने म तँलाई मार्नेछु ।
तपाईंले हामीलाई यो के गर्नुभएको ? कुन कुरामा मैले तपाईंको विरोधमा पाप गरेँ र हामीमाथि तपाईंले यति ठूलो दोष ल्याउनुभयो ?
यो ठाउँमा परमेश्वरको डर कसैलाई छैन, त्यसैले तपाईंले मलाई मार्नुहुनेछ भनी मैले सोचेको थिएँ ।
तिनी मेरी बहिनी नै हुन्, मेरा पिताकी छोरी तर आमाकी चाहिँ होइनन् ।
अब्राहाम, तपाईंलाई म भेडाबाख्रा, गाईगोरु, कमाराकमारीहरू दिनेछु र मेरो देश तपाईंकै सामुन्ने छ ।
र सारा, तपाईंको खातिर मैले तपाईंको दाजुलाई चाँदीका एक हजार सिक्का दिएको छु, यो दोषलाई ढाक्नका लागि ।
अब म र मेरो घरको लागि प्रार्थना गरिदिनुहोस्, तपाईंहरू यता आएदेखि हाम्रो घरमा सबैको कोख बन्द भएको छ ।


वा...ह
र परमप्रभुले सारालाई प्रतिज्ञा गर्नुभएजस्तै उहाँले उनको लागि गरिदिनुभयो ।
मालिक, तपाईंको छोरो भएको छ ।
उसको नाउँ इसहाक राखिनेछ, उसले हामीलाई हाँस्ने कारण दिएको छ ।
परमेश्वरले हामीलाई हाँसो दिनुभएको छ र यो कुरा सुन्ने हरू सबै मसँग हाँस्नेछन् ।
साराले बूढेसकालमा बालकलाई दूध खुवाउँछे भनेर कसले भन्न सक्ने थियो र ?
परमेश्वरले प्रतिज्ञा गर्नुभयो......र उहाँले प्रतिज्ञा गर्नुभएअनुसार नै दिनुभएको छ ।
यो सम्भव छ भनेर कसले पो सोचेको थियो र ?
अब्राहामका परमेश्वर नै साँचो परमेश्वर हुनुहुन्छ ।


तर प्रतिज्ञा गरिएको बालक बढ्दै गएपछि पालमा समस्या उत्पन्न भयो ।
अघाउञ्जेल खाऊ, पिऊ । मेरो छोरा इसहाकलाई अब आफ्नी आमाको सहायता चाहिँदैन । ऊ अब आफै खान, पिउन सक्ने भएको छ ।
मेरो छोरा रे ! मैले जन्माइदिएको तपाईंको छोरो होइन र ?
तिमी कस्तो केटा हौ, भन त । तिमी दौड्न र शिकार खेल्न सक्ने पनि भएका छैनौं । आफ्नी आमासित पाल वरिपरि मात्र घुम्न सक्छौ तिमी ।
त्यस दासी र त्यसको छोरालाई निकालिदिनुहोस् । त्यस दासीको छोरो हाम्रो छोरासँगसँगै हकवाला हुनेछैन ।
तर, ऊ पनि मेरै सन्तान हो ।
अहँ, त्यो हाम्रो छोरा इसहाकसित हकवाला हुनेछैन ।
यो कुराले अब्राहाम साह्रै दुःखित भए, त्यसैले यो कठिन समस्याको समाधानको लागि उनले परमेश्वरको खोजी गरे ।
यो विषयमा तैँले चिन्ता नगर, छोरा र आमा दुवैको ख्याल म राख्नेछु ।
इसहाकमै तेरो वंशको नाम लिइनेछ ।
र त्यस कमारीको छोराबाट पनि म एक जाति खडा गर्नेछु किनकि त्यो पनि तेरो सन्तान हो ।




उत्पत्ति २१:८-१३




उत्पत्ति २१:१४-२१



त्यस देशका राजा अबीमेलेक र उनको सेनापति अब्राहामलाई भेट्न आए ।
हामीलाई थाहा छ कि तपाईंले गर्नुभएका सबै काममा परमेश्वर तपाईंसँग हुनुहुन्छ ।
परमेश्वरको सामु शपथ खानुहोस् कि तपाईं मसँग वा मेरा छोराछोरीहरूसँग अथवा मेरा नाति पनातिसँग छलकपटको व्यवहार गर्नुहुनेछैन र मैले तपाईंसँग गरेको कृपाअनुसार नै मसँग व्यवहार गर्नुहुनेछ ।
हुन्छ, म शपथ खान्छु ।
हाम्रा मालिक अब्राहामले खबर पठाउनुभएको छ कि तपाईंका गोठालाहरूले अब्राहामले खनेका इनारलाई खोसेर लिएका छन् ।
यो कुरा मैले अहिले मात्रै सुन्दैछु, त्यो इनार तिम्रै मालिक अब्राहामको हुनेछ । म आफै अब्राहामकहाँ जानेछु ।
यी छुट्ट्याएर राखिएका पाठीहरूको अर्थ के हो ?
यी तपाईंका निम्ति हुन् : यो इनार मैले खनेको हुँ भन्ने गवाहीको लागि ।
तपाईंको परिवार र मेरो परिवारबीच सधैँ शान्ति कायम हुनुपर्छ ।
राजा पलिश्तीहरूको देशमा फर्के र र अब्राहामले बेर्शेबामा एउटा झ्याउको रूख रोपे ।
र उनले त्यहाँ अनन्तका परमेश्वरको नाउँ पुकारा गरे ।



यसपछि, परमेश्वरले अब्राहाम आज्ञापालन गर्न कतिको तयार छ भन्ने प्रमाण खोजे ।
अब्राहाम !
म यहाँ छु प्रभु ।
तेरो एउटै छोरो जसलाई तँ माया गर्छस्, त्यसलाई लिएर मोरीयाहको देशमा जा ।
त्यहाँ मैले देखाएको डाँडामा तैँले त्यसलाई होमबलि चढाएको म चाहान्छु ।
अर्को दिन अब्राहाम एकाबिहानै उठेर गधाका काठी कसे, र आफ्ना कमाराहरूमध्येका दुईजना र छोरो इसहाकलाई साथमा लिए ।
त्यसपछि होमबलिको दाउरा चिरेर परमेश्वरले तिनलाई भन्नुभएको त्यस ठाउँमा हिँडे ।


उत्पत्ति २२:१-३


यात्राको तेस्रो दिनमा, अब्राहामले आफ्ना आँखा उ ठाएर र टाढामा त्यो डाँडा देखे।
तिमीहरू यहीँ गधासँग बस। म र यो केटो ऊ परसम्म जान्छौँ।
हामी गएर आराधना गर्नेछौँ र फेरि तिमीहरूकहाँ फर्केर आउनेछौँ।
अब्राहामले होमबलिको दाउरा उठाएर आफ्नो छोरो इसहाकलाई बोकाए।
अब्राहामले चाहिँ आगो र छुरी बोके।
बुबा ?
के हो, छोरा ?
हामीसँग आगो र दाउरा त छन् तर होमबलिको थुमाचाहिँ खोइ ?
छोरा, परमेश्वर आफैले हो मबलिको लागि थुमा जुटाइदिनुहुनेछ


अब्राहामले एउटा वेदी बनाए.......
अब्राहामले वेदीमाथि दाउराहरू मिलाएर राखे.....
अब्राहामले छोरालाई बाँधे......
.....त्यसपछि उसलाई वेदीमाथि राखे

उत्पत्ति २२:९






उत्पत्ति २२:१०




उत्पत्ति २२:११-१४



"मैले आफ्नै नाउँमा शपथ खाएको छु", यो परमप्रभुको घोषणा हो: "तैँले यो काम गरे कोले र तेरो छोरो अर्थात् तेरो एउटै छोरोलाई पनि मबाट नरोकेकोले म निश्चय नै तँलाई आशिष दिनेछु र तेरो सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु"

